# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## पांचौ वार्षिक साधारण सभाको निर्णय विवरण

१. वैधानिक सभाको काम कारबाही:

यस कम्पनीको ८१औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको प्रबन्ध पत्र, नियमावली बमोजिम बोलाईएको वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूको अध्यक्षतामा देहायको मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गरी सम्पन्न भयो । सभा सम्बन्धी विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

२. सभा भएको मिति, स्थान र समय:

मिति : २०७९/१०/१५ गते आइतवार तदनुसार २९ जनवरी २०२३ ।
स्थान : अलोफ्ट काठमाण्डु, ठमेल, छांयादेवी कम्प्लेक्स, काठमाण्डौं ।
समय : अपरान्ह ५:०० बजे ।

३. उपस्थिति:

क. सञ्चालकहरु:

| | | |
|---|---|---|
| १. | श्री प्रदीपजङ्ग पाण्डे | – अध्यक्ष |
| २. | श्री सुमित कुमार अग्रवाल | – सञ्चालक |
| ३. | श्री मनोज कार्की | – सञ्चालक |
| ४. | श्री महेश स्वांर | – सञ्चालक |
| ५. | श्री दावा फुटी शेर्पा | – सञ्चालक |
| ६. | श्री अभिनव ज.ब.राणा | – सञ्चालक |
| ७. | श्री श्रीमान कार्की | – स्वतन्त्र सञ्चालक |

ख. पदाधिकारीहरु:

| | | |
|---|---|---|
| १. | श्री पोषक राज पौडेल | – प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री दशरथमणी खड्का | – प्रमुख सञ्चालन अधिकृत |
| ३. | श्री दिप बहादुर वि.सी. | – कम्पनी सचिव एवम् नायव महाप्रबन्धक |
| ४. | श्री भुषण रिमाल | – प्रमुख बजार व्यवस्थापन अधिकृत |

ग. प्रतिनिधिहरु:

| | | |
|---|---|---|
| १. | श्री मनमोहन राज काफ्ले | – लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्, का प्रतिनिधि |
| २. | श्री सुनिर कुमार ढुङ्गेल | – आन्तरिक लेखापरीक्षक श्री एस.ए.आर. एशोसियट्स चार्टर्ड एकाउन्टेन्टस्, का प्रतिनिधि |

घ. उपस्थित शेयरधनीहरु:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १९५ | ८२ | ४२।०५ |
| शेयर संख्या | २,६२,५०,००० | १,९८,२३,३७० | ७५।५२ |

४. सूचना प्रकाशन :

कम्पनीको पांचौ वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल गरिने विषयहरु (प्रस्तावहरु) समेत खुलाई मिति २०७९/०९/२४ मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र मिति २०७६/१०/०५ मा सोही पत्रिकामा दोश्रो पटक कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको थियो । साथै सो सम्बन्धी सूचना तथा पांचौ वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै कम्पनीको वेवसाईटमा समेत उपलब्ध गराईएको थियो ।

५. छलफलका विषयहरु :

(क) सामान्य प्रस्ताव:

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने बारे ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट आर्थिक वर्ष २०७८/०७९ को लागि कम्पनीको लेखापरीक्षकमा श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् (वर्तमान लेखापरीक्षक) लाई गरिएको नियुक्ती अनुमोदन गर्ने बारे ।

४. प्रिमियम मूल्यमा सर्वसाधारण शेयर सार्वजनिक निष्काशन गर्ने बारे ।

५. सञ्चालकको नियुक्ति अनुमोदन बारे ।

६. स्वतन्त्र सञ्चालकको नियुक्ति बारे ।

(ख) विविध ।

६. सभाको गणपूरक संख्या:

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | १९५ | ८२ | ४२।०५ |
| शेयर संख्या | २,६२,५०,००० | १,९८,२३,३७० | ७५।५२ |

काठमाडौं

७. सभाको वैधानिकता र अध्यक्षता:

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री दिप बहादुर वि.सी. ले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यस सभा सञ्चालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम आवश्यक गणपूरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै सञ्चालक समितिका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूलाई सभाको अध्यक्षता ग्रहणको लागि अनुरोध गर्दै तत्पश्चात अध्यक्षज्यूबाट सभा सञ्चालनको लागि अनुमति प्रदान गर्नुभयो ।

८. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति:

कम्पनीको पांचौ वार्षिक साधारण सभा सञ्चालन गर्ने क्रममा सभाका अध्यक्ष श्री प्रदीपजङ्ग पाण्डेज्यूले विषय सूची अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण एवम् सो संग सम्बन्धित अनुसूचीहरु संक्षिप्त रुपमा प्रस्तुत गर्दै विश्वव्यापी रुपमा भईरहेको आर्थिक मन्दी र देशभित्रको राजनैतिक अवस्था, आर्थिक उतारचढावका बावजुद यस कम्पनीले अवलम्बन गरिआएको कुशल व्यवसायिक रणनीति, संस्थागत सुशासन, पारदर्शिता एवम् कम्पनीले प्रदान गरिरहेको गुणस्तरीय प्रविधियुक्त ग्राहकमुखी सेवाले कारोबार शुभारम्भ गरेको करिव चार वर्षको अवधिमा कम्पनीले हासिल गरेको उपलब्धि उत्साहजनक रहेको व्यहोरा सभामा जानकारी गराउनु भयो ।

विगत आर्थिक वर्षमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसले आक्रान्त पारेको विद्यमान अवस्थामा समेत समीक्षा अवधिमा बीमाशुल्क आम्दानीमा ८०% र जगेडा तथा कोषमा २९% को वृद्धि गर्न सफल हुनुका साथै जीवन बीमाकोषमा ११२% ले वृद्धि गरी रु. ३ अर्ब ५१ करोड पुर्‍याउन सफल भएको, गत वर्षको तुलनामा समीक्षा अवधिमा लगानी तथा कर्जामा करिव ५२% ले वृद्धि हुन गई रु. ६ अर्ब पुग्न गएको, कुल लगानी रु. ५ अर्ब ६९ करोड मध्ये करिव ७३% अर्थात रु. ४ अर्ब १५ करोड विभिन्न बैंक तथा वित्तीय संस्थाको दीर्घकालीन मुद्धती निक्षेप, ऋणपत्र एवम् शेयरमा लगानी गर्न कम्पनी सफल भएको, तथा गत वर्ष कायम रहेको कम्पनीको व्यवस्थापन खर्च २५.२३% मा मितव्ययीता अपनाएका कारण समीक्षा आर्थिक वर्ष २०७७/०७८ मा सो खर्च अनुपात १८.३९% रहेको र आर्थिक वर्ष २०७८/०७९ मा सो खर्च अनुपातमा थप सुधार गरी १४.५२% कायम गर्न कम्पनी सफल भएको विवरण सभालाई जानकारी गराउनु भयो ।

प्रतिस्पर्धात्मक व्यवसायिक वातावरणमा कम्पनीको उपस्थिती दह्रो बनाउन बीमितहरुलाई प्रदान गरिने बोनस दरले समेत प्रत्यक्ष भूमिका खेल्ने भएकोले सो दरलाई बजारसंग प्रतिस्पर्धी बनाउन यस अवधिमा नाफा नोक्सान हिसाबबाट रु. ६ करोड ५५ लाख जीवन बीमा कोषमा सारिएकोले खुद मुनाफामा करिव ८% ले संकुचन आएको तथा नाफा नोक्सान हिसाबबाट रु. ६ करोड ५५ लाख सार्नु अघि जीवन बीमा कोषमा रु ३ अर्ब ४५ करोड १५ लाख रहेकोमा उक्त रकम सारे पश्चात जीवन बीमा कोष रु ३ अर्ब ५१ करोड ७० लाख पुग्न गएकोले कम्पनीको जीवन बीमा कोष बलियो हुन पुगेको जानकारी गराउनु भयो ।

यसका साथै आर्थिक वर्ष २०७७/०७८ मा अघिल्लो वर्षको तुलनामा लगानी तथा अन्य आम्दानीमा ५९%, आय-व्यय हिसाबबाट जीवन बीमा कोषमा सारेको बचतमा ८०%, एवम् वासलातमा सारेको बचतमा १६% को वृद्धि हासिल गर्न सफल हुनुका साथै सञ्चालक समितिको प्रतिवेदनको बुंदा नं. ३ मा उल्लेखित आर्थिक वर्ष २०७८/०७९ तथा चालु वर्ष २०७९/०८० को प्रथम त्रैमासिकसम्म हासिल

गरेको उपलब्धिले यस कम्पनीको व्यवसायिक स्थिती एवम् वित्तीय अवस्था उत्साहजनक रहेको विवरण उल्लेख गर्नुभयो ।

नियामक निकाय श्री नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरुको जोखिम वहन गर्ने क्षमता बढाउन, पूंजीगत आधार बलियो बनाउन, बीमाको पहुंच विस्तार गर्न, कम्पनीहरु बीच स्वस्थ्य प्रतिस्पर्धाको वातावरण तयार गर्न एवम् जोखिममा आधारित पूंजीसंग सामञ्जस्यता हुने गरी कम्पनीको चुक्ता पूंजी रु ५ अर्ब कायम गर्न निर्देशन भए बमोजिम कम्पनीको सञ्चालक समितिले पूंजी योजना तयार गरी प्राधिकरण समक्ष पेश गर्नुका साथै सोही योजना बमोजिम कम्पनीको विशेष साधारण सभा मार्फत ५०% हकप्रद शेयर जारी गर्ने निर्णय अनुरुप संस्थापक शेयरधनी महानुभावहरुबाट हकप्रद शेयर वापतको रकम भुक्तानी भई कम्पनीको चुक्ता पूंजी रु २ अर्ब ६२ करोड ५० लाख कायम हुन गएको तथा सर्वसाधारणका लागि व्यवस्था गरिएको ३०% साधारण शेयर प्रिमियम मूल्यमा सार्वजनिक निष्काशन गर्ने प्रक्रियामा रहेको साथै उक्त प्रस्ताव यसै साधारण सभामा पेश भएको र सो प्रस्ताव पारित भई आवश्यक प्रक्रिया सम्पन्न भए पश्चात नियामकले तोकेको चुक्ता पूंजी कायम हुने व्यहोरा सभा समक्ष अवगत गराउनु भयो ।

यसरी कम्पनीमा अवलम्बन गरिएको कुशल व्यवसायिक नीति, संस्थागत सुशासनको सफल कार्यन्वयन तथा कम्पनीमा कार्यरत व्यवस्थापनको कुशल कार्यदक्षताले नै उल्लेखित सफलता हासिल गर्न सफल भएको उल्लेख गर्दै जीवन बीमाको व्यवसायिक मूल्य एवम् मान्यता अन्तर्गत रही यस क्षेत्रमा विद्यमान प्रतिस्पर्धाका बावजुद नवीनतम बीमा योजना, ग्राहक केन्द्रित गुणस्तरीय सेवा, सूचना प्रविधिको उच्चतम प्रयोग, ग्रामीण स्तरसम्म कम्पनीको पहुंच जस्ता विविध कारणले यस कम्पनी सर्वसाधारण सेवाग्राही माझ आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको मन्तब्य राख्नु भयो । साथै कम्पनीमा कार्यरत मानब संसाधनको वृत्ति विकास गर्ने, जीवन बीमा व्यवसायका मेरुदण्ड बीमा अभिकर्ता "सिटिजन लिडर" को वृत्ति विकास गर्ने एवम् संस्थागत सुशासन कायम गरी जीवन बीमाको क्षेत्रमा आफ्नो विशेष पहिचान बनाउदै मुलुकको आर्थिक उन्नतिमा कम्पनीको तर्फबाट योगदान दिन भविष्यमा समेत जीवन बीमाका थप नवीनतम योजनाहरु प्रचलनमा ल्याई जीवन बीमाको पहुंच नेपाल राज्यभर पुऱ्याउन कम्पनीको सञ्चालक समिति जिम्मेवार भई पहल गर्ने प्रतिवद्धता समेत जाहेर गर्नुभयो ।

कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७७/०७८ को वित्तीय विवरणहरु समेतको सञ्चालक समितिको प्रतिवेदन सहितका प्रस्तुत प्रस्तावहरु यस सभाबाट अनुमोदन हुने विश्वासका साथ सम्पूर्ण ग्राहकवर्ग, नेपाल बीमा प्राधिकरण, कम्पनी रजिष्ट्रारको कार्यालय तथा अन्य नियमकारी निकायहरु, सदभावना दुत (Brand Ambassdor) सहजोडी, शेयरधनी महानुभावहरु, सञ्चालकवर्ग, व्यवस्थापन समूह, कर्मचारी, सिटिजन लिडर, पत्रकार एवम् शुभ चिन्तकहरुले कम्पनीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा पुऱ्याउनु भएको सहयोग प्रति कृतज्ञता व्यक्त गर्दै भविष्यमा समेत साथ सहयोग पाउने अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यसूची बमोजिमका प्रस्तावहरु उपर छलफल गरी सम्पूर्ण शेयरधनी महानुभावहरुबाट स्वीकृत हुने आशा व्यक्त गर्दै कम्पनीले हासिल गरेको उपलब्धी तथा भावी रणनीतिका सम्बन्धमा प्रकाश पार्न कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई निर्देशन प्रदान गर्नुभयो ।

९. प्रमुख कार्यकारी अधिकृतबाट कम्पनीको संक्षिप्त व्यवसायिक समीक्षा :

साधारण सभाका अध्यक्षज्यूको अनुमतिबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृतले कम्पनीको संक्षिप्त व्यवसायिक समीक्षा गर्दै कम्पनीले संकलन गरेको बीमा शुल्क, लगानीबाट प्राप्त आय, कम्पनीको विज्ञापन तथा प्रचार प्रसार खर्च, व्यापार प्रवर्द्धन खर्च, अभिकर्ता अन्य खर्च, कर्मचारी खर्च, व्यवस्थापन खर्च

काठमाडौं

लगायतका अन्य खर्च विवरणहरु प्रस्तुत गर्नु भयो । यसका साथै कम्पनीले हालसम्म हासिल गरेको उपलब्धी, कम्पनीले प्रस्तुत गरेका विभिन्न जीवन बीमा योजनाहरु, जीवन बीमा व्यवसायका अवसर तथा चुनौतीहरु, तथा कम्पनीको भावी रणनीति आदि समेतको बारेमा सभालाई जानकारी गराउनु भयो ।

१०. छलफलको लागि आहवान:

साधारण सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको पांचौ वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण तथा विविध पक्षहरु उपर आ-आफ्नो प्रश्न, जिज्ञाशा, प्रतिक्रिया, मन्तव्य एवम् सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आहवान गर्नु भएकोमा शेयरधनी श्री खेम प्रसाद बरालज्यूबाट कम्पनीको सञ्चालक समिति तथा व्यवस्थापन समूहको व्यवसायिक दक्षता एवं कुशल नेतृत्वले कम्पनीको समग्र स्थितिलाई मजबुत बनाई प्रतिस्पर्धात्मक बजारमा अग्रणी भागमा पुऱ्याउन सफल हुनु भएकोमा बधाई दिदै आगामी दिनहरुमा अझै प्रगति हुदै जाने विश्वास व्यक्त गर्नु भयो । साथै कम्पनीले पूंजी वृद्धि प्रयोजनार्थ ५०% हकप्रद शेयर जारी गर्दा शेयरधनीहरुबाट पुन: थप लगानी गरिएकोमा अझसम्म कम्पनीले प्रतिफल दिनको लागि कुनै निर्णय नगरेको हुंदा के कति कारणबाट प्रतिफल दिन नसकिएको हो सो विषयमा प्रष्ट पारिदिन अनुरोध गर्नुभयो ।

११. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका राय, जिज्ञासा, तथा सुझावहरु उपर सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष एवम् सभाध्यक्षज्यूले दिनु भएको प्रतिक्रिया तथा नीतिगत जवाफ:

सभाध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट साधारण सभामा व्यक्त विचारहरु, सुझाव तथा सल्लाहलाई मनन गरी उहांहरुले राख्नु भएको जिज्ञासाहरुलाई स्पष्ट पार्दै शेयरधनीहरुको सहयोग एवम् आत्मविश्वास तथा सहयोगी भावनाले कम्पनीले प्रगति हासिल गर्न सकेको विश्वास व्यक्त गर्दै कम्पनीले नियमनकारी मापदण्ड अनुरुप हाल सम्म लाभांश बांडफांड गर्न सिफारिस नगरिएको व्यहोरा जानकारी गराउनु भयो । साथै यसै साधारण सभामा प्रस्तुत प्राथमिक शेयर निष्काशन (आइपिओ) सम्बन्धी प्रस्तावको निर्णयबाट चाडै नै साधारण शेयर निष्काशनको प्रक्रिया शुरु गरी सर्वसाधारणहरुको तर्फबाट कम्पनीको शेयरमा प्रतिनिधित्व गराई पूर्णता दिईने र तत्पश्चात कम्पनीको कोषबाट लाभांश, बोनसका रुपमा प्रतिफल वितरण गरी नियमनकारीले तोके बमोजिमको कम्पनीको पूंजी कायम हुने जानकारी गराउनु हुदै सभाको कार्यक्रम अघि बढाउन अनुरोध गर्नु भयो ।

१२. निर्णयहरु:

साधारण सभामा पेश भएका प्रस्तावहरु उपर विस्तृत रुपमा छलफल भई देहाय बमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्तावहरु:

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा:

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन सर्वसम्मतिद्वारा पारित गरियो ।

काठमाडौं

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धमा:

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण सर्वसम्मतिद्वारा स्वीकृत गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकमा श्री जोशी एण्ड भण्डारी, चाटर्ड एकाउन्टेन्टस् (वर्तमान लेखापरीक्षक) लाई गरिएको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा:

कम्पनीको चौथो वार्षिक साधारण सभाबाट आर्थिक वर्ष २०७७/०७८ को लागि श्री जोशी एण्ड भण्डारी चार्टर्ड एकाउण्टेन्ट्सलाई प्रथम पटक लेखापरीक्षकमा नियुक्त गरि उक्त आर्थिक वर्षको वित्तीय विवरण नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरणमा स्वीकृतिको प्रक्रियामा रहेको र यसबाट कम्पनीको वार्षिक साधारण सभा समयमा हुन नसकी आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त हुन नसकेको हुंदा आर्थिक वर्ष २०७८/०७९ को बीमाङ्कीय मूल्याङ्कन, लेखापरीक्षण लगायतका कार्यहरु बीमा ऐन, २०७९ ले तोकेको समय सीमा भित्र सम्पन्न गर्न कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको सञ्चालक समितिको निर्णयबाट नियमित लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी चार्टर्ड एकाउण्टेन्ट्सलाई आर्थिक वर्ष २०७८/०७९ को लागि पारिश्रमिक रु. ३,००,०००/- (अक्षेरुपी तीन लाख मात्र) हुने गरी लेखापरीक्षकमा नियुक्त गरिदिन श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा अनुरोध गरिएकोमा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट भएको लेखापरीक्षक नियुक्तीको निर्णय सर्वसम्मतिबाट अनुमोदन गरियो ।

४. प्रिमियम मूल्यमा सर्वसाधारण शेयर सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा:

कम्पनीको कूल जारी पूंजीको तीस प्रतिशत अर्थात १ अर्ब १२ करोड ५० लाख रुपैयां बराबरको सर्वसाधारण शेयर नियमनकारी निकायको स्वीकृतिलिई प्रिमियम मूल्यमा सार्वजनिक निष्काशन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो । साथै उक्त साधारण शेयर सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा विद्यमान कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन, बीमा ऐन, २०७९, नियमावली तथा निर्देशिकाको अधिनमा रही कम्पनीको हाल सम्मको नेटवर्थ तथा व्यवसायिक योजना अनुरुपको प्रक्षेपित नेटवर्थ एवं शेयर सार्वजनिक निष्काशन गर्न लाग्ने समयावधि समेतलाई मध्यनजर गरी कम्पनीको शेयर प्रिमियम मूल्यमा सार्वजनिक निष्काशन गर्न नियमनकारी निकायहरुसंग आवश्यक समन्वय तथा स्वीकृति लिने लगायतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले पारित गरियो ।

५. सञ्चालकको नियुक्ति अनुमोदन सम्बन्धमा:

कम्पनीको सञ्चालक समितिमा सर्वसाधारणहरुको तर्फबाट प्रतिनिधित्व गर्न साधारण शेयरको सार्वजनिक निष्काशनको क्रममा रही सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व नभएको अवस्थामा कम्पनीको नियमावलीको नियम ३१ मा गरिएको व्यवस्था बमोजिम सर्वसाधारणको लागि छुट्टाईएको शेयरको सार्वजनिक निष्काशन नभएसम्म सो समूहको सञ्चालकको सट्टा संस्थापक समूहबाट आवश्यकता अनुसार सञ्चालक समितिले सञ्चालक नियुक्त गर्न सक्नेछ



काठमाडौं

भन्ने व्यवस्था बमोजिम कम्पनीको मिति २०७९/०६/२४ गते बसेको सञ्चालक समिति बैठकबाट संस्थापक शेयरधनी यति वर्ल्ड इन्भेष्टमेन्ट प्रा.लि.का तर्फबाट श्री दावा फुटी शेर्पा र एयर डाइनेष्टी हेली सर्भिसेज प्रा.लि.का तर्फबाट श्री अभिनव ज.ब. राणालाई सञ्चालक समिति सदस्यमा गरिएको नियुक्ती सर्वसम्मतिले अनुमोदन गरियो ।

६. स्वतन्त्र सञ्चालकको नियुक्ति सम्बन्धमा:

कम्पनीको मिति २०७९/१०/१० मा बसेको सञ्चालक समिति बैठकबाट बीमा ऐन, २०७९ तथा बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ बमोजिम कम्पनीको स्वतन्त्र सञ्चालक सदस्य पदमा बीमा क्षेत्रमा लामो समय कार्य अनुभव तथा विशेष दक्षता हासिल गर्नु भएका श्री श्रीमान कार्कीलाई गरिएको नियुक्ती सर्वसम्मतिले अनुमोदन गरियो ।

१३. धन्यवाद ज्ञापन:

सभाध्यक्षज्यूबाट शेयरधनी महानुभावहरुबाट पांचौ वार्षिक साधारण सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस वार्षिक साधारण सभामा छलफल गरी पारित गर्नुपर्ने अन्य कुनै विषय बांकी नभएकोले सभाध्यक्ष ज्यूले अपरान्ह साझ ६:१५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(दिप बहादुर वि.सी.)
कम्पनी सचिव

काठमाडौं

(प्रदीपजङ्ग पाण्डे)
अध्यक्ष